आज मिति २०६८/०९/२१ गतेका दिन धनकुटा नगरपालिकाका नगर प्रमुख श्री मोहन कुमार श्रेष्ठज्यूको अध्यक्षताका कोभिड १९ को दोस्रो लहरको महामारी फैलिँदै रहेको वर्तमान अवस्थामा संक्रमण रोकथाम तथा संभावित जोखिम नियन्त्रणका लागि सरोकारवालाहरु संगको बैठक बसी तपसिलको उपस्थितीमा तपसिल बमोजिमको निर्णयहरु गरियो।

उपस्थिती

१. श्री मोहन कुमार श्रेष्ठ नगरप्रमुख [signature]
२. श्री जय बहादुर श्रेष्ठ प्रमुख (जि. स. स.)
३. श्री इच्छा कुमारी गुरुङ उपप्रमुख (धि.न.पा.) [signature]
४. श्री वन्दना राई प्रमुख जिल्ला अधिकारी [signature]
५. श्री रामेश्वर पोखरेल प्रमुख प्रशासकीय अधिकृत [signature]
६. श्री विशाल छिद्दे प्रमुख नेपाली [signature]
७. श्री गोविन्दराज काफ्ले प्र. ना. उ. [signature]
८. श्री लाल बहादुर कार्की स.प्र.ना.उ. सशस्त्र प्रहरी बल नेपाल [signature]
९. श्री धीप्रकान्त प्रसाई जि. अ. नि. मे. सु. [signature]
१०. श्री सुमन तिवारी स्वा. का. प्र. प्रमु. [signature]
११ श्री सुवास प्रसाद तिमिल्सिना शाखा प्रबन्धक रा.वा.बैं. [signature]
१२. श्री सारोज कुमार माझी ओखलढुंगा उ. वा. संघ [signature]
१३. श्री सुमन राजभण्डारी सभापति ने. रे. सो. उ. [signature]
१४. राज थपाल रेडक्रस अध्यक्ष उपशाखा कार्यालय ओखलढुंगा [signature]
१५ विनोद कुमार थापा वडा अध्यक्ष सि. न. पा. १२ [signature]
१६ चन्द्र बहादुर सि. न. पा. ११ वडा अध्यक्ष [signature]
१७ चैतनारायण श्रेष्ठ जिल्ला विकास तथा समन्वय समिति प्रतिनिधि [signature]
१८ प्रमोद कुमार श्रेष्ठ होटल व्यवसायी [signature]
१९ पवन कुमार लामा जनस्वास्थ्य अधिकृत सि.न.पा. [signature]
२० ध्रुव कुमार राजभण्डारी जनाहित गुठी ओ. सि. न. पा. १२ [signature]
२१ सरस्वती बानिया मिर्जनगञ्ज सम्वाददाता एफ. एम. / इन्सेक प्रतिनिधि [signature]
२२ बिन माया राई आफ्नो FM / हिमाल खबरपत्रिका [signature]
२३ जीवन शर्मा — सहयात्री सा० रेडियो [signature]
२४ सरिता श्रेष्ठ. ओखलढुंगा — [signature]

**निर्णयः**

कोभिड-१९ को दोस्रो लहरको महामारी फैलिइरहेको वर्तमान अवस्थालाई मध्यनजर गरीं कोभिड १९ को संक्रमण रोकथाम तथा न्यूनीकरणका लागि मितिः २०७८।०१।२२ देखि २०७८।०१।३१ गते सम्मका लागि देहायमा उल्लेख भए अनुसार गर्न भनी निर्णय गरियो ।

१.नगरपालिका क्षेत्रभर अत्यावश्यक कामको सिलसिलामा चलाइने दुई पाङ्ग्रे सवारीका साधन वाहेक अन्य सबै प्रकारका निजी/तथा भाडाका सवारी साधनहरु सञ्चालन गर्न नदिने ।

२.स्वास्थ्य सुरक्षाका मापदण्डहरु पूर्ण रुपमा पालना गरी औषधी पसल तथा स्वास्थ्य क्लिनिक वाहेकका होटल, खाद्यान्न तथा किराना पसलहरु विहान ७.०० बजेदेखी १०.०० बजे सम्म र बेलुकी ५.०० बजेदेखी ७.०० बजेसम्म मात्र सञ्चालन गर्ने र सो वाहेकका अन्य पसलहरु पूरै बन्द गर्ने ।

३.होटल तथा पसलमा कुनैपनि प्रकारका मदिराजन्य पदार्थहरु बिक्री वितरण गर्न नपाइने ।

४.साप्ताहिक रुपमा लाग्ने हटियाहरुमा स्वास्थ्य सुरक्षाका मापदण्डहरु पूर्ण रुपमा पालना गरी स्थानीय स्तरमा उत्पादित तरकारी र फलफूल मात्र बिक्री वितरण गर्ने ।